**शुक्लागण्डकी नगरपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम**

नगर सभाका सभाध्यक्षज्यू

नगर सभाका सचिवज्यू

जिल्ला समन्वय समितिका सदस्यज्यूहरु

सभाका सदस्यज्यूहरु

उपस्थित कर्मचारी ,सुरक्षाकर्मी एवं पत्रकार मित्रहरु

शुक्लागण्डकी नगरवासी सम्पूर्ण आदरणीय आमाबुबा, दाजुभाई तथा दिदिबहिनीहरु,

१. शुक्लागण्डकी नगरपालिकाको १७ औं नगर अधिवेशनमा नगर उपप्रमुखको तर्फबाट आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु। आजसम्म आईपुग्दा हामीलाई सहयोग गर्नुहुने,अमूल्य सुझाव एवम् समर्थन प्रकट गर्नुहुने तथा समालोचनात्मक प्रतिक्रियामार्फत खवरदारी गर्नुहुने समस्त नागरिकहरु प्रति आभार प्रकट गर्दै नागरिकको सेवा गर्ने गरिमामय जिम्मेवारीमा सधै ईमान्दार र उत्तरदायी भै समृद्ध शुक्लागण्डकी निर्माणमा  खटिईरहने प्रतिबद्धता व्यक्त गर्दछौ साथै यस कार्यमा संग्लन सम्पुर्ण राजनैतिक दल, बुद्धिजीवी, नागरिक समाज, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, निजी क्षेत्र एवं समस्त शुभचिन्तकजनहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ।

२. सर्वप्रथम ईतिहासका विभिन्न कालखण्डमा भएका राजनैतिक परिवर्तन, जनआन्दोलन एवं जनयुद्धमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शहिद तथा वेपत्ता परिवार, योद्धा तथा घाईतेप्रति उच्च सम्मान व्यक्त गर्दै शहिदहरुको सपना पुरा गर्न समृद्ध नगरपालिका निर्माण अभियानलाई थप प्रभावकारी, जनमैत्री र सन्तुलित बनाउनेतर्फ नगरपालिकाको सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरु प्रतिवद्ध तथा कटिबद्ध  रहेको विषय पुन स्मरण गर्न चाहन्छौ।

३. नेपालको संविधान, संघीय तथा गण्डकी प्रदेश सरकारबाट जारी ऐन, नियम, नियमावली, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७, नेपाल सरकार र गण्डकी प्रदेश सरकारका आगामी वर्षको नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, सन २०३० सम्म मध्यम आय भएको मुलुकमा स्तरउन्नतीको मार्गचित्र, विषयगत समितिका सुझावहरु, राजनैतिक दल, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझावहरुलाई समेटी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा अवगत गराउँछौं।

४. शुक्लागण्डकी नगर क्षेत्र भित्र बसोबास गर्ने भुमिहिन दलित, भुमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुको आफुले भोग चलन गर्दै आएको जमीनको जग्गा धनी प्रमाणपुर्जा  लालपुर्जा वितरण गर्ने कार्यअन्तर्गत वडा नं. २,७ र ८ का  नापीनक्शा सम्पन्न भएको स्थानहरुमा यथाशिघ्र जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने तथा अन्य वडाहरुमा  प्रचलित कानुनबमोजिम  कार्यप्रक्रिया प्राथमिकताका साथ अगाडि बढाईनेछ।

५. शुक्लागण्डकी नगरपालिकामा स्थायी बसोवास भै  देश विदेशमा रहेका लगानीकर्ताहरु,निजी तथा सार्वजनिक संघ संस्थाहरु,नागरिक लगानी कोष,सहकारीहरु लाई आकर्षित गर्दै सार्वजनिक निजी सहकारी साझेदारी, नेपाल पूर्वाधार बैंक,संघीय सरकारको स्विकृतिपश्चात लगानीमा सहभागी हुने विदेशी संघ संस्था तथा विकास साझेदार निकायहरु समेतसंग सहलगानी,सहुलियतपूर्ण ऋण लगानी,अनुदान स्विकार गरिनेछ । यसरी नगरपालिका क्षेत्रभित्र लगानीको वातावरण सुधार गर्न सार्वजनिक निजी साझेदारी (Public Private Partnership),सार्वजनिक निजी सहकारी(Public Private Co-operative Cooperation) को अवधारणा कार्यान्वयन गरिनेछ। यसमार्फत नगरक्षेत्रभित्र सेती नदीमा चेक ड्याम ,नगर रङ्गशाला ,नगर सिटि हल,पर्यटन

सुचना तथा पुर्न ताजकी केन्द्र,नगर बसपार्क जस्ता  गौरवका ठूला योजना लगायतका रणनैतिक आयोजना संचालन गरिनेछ साथै नवप्रवर्तनशील उद्योगहरुको स्थापना मार्फत भौतिक पूर्वाधारको स्तरोन्नति,नवनिर्माण तथा संचालन गर्दै  शुक्लागण्डकी नगरको दिगो विकासलाई तिव्रता दिईनेछ।

६. नगरक्षेत्रभित्रका लगत एकिन भएका सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गाहरुको संरक्षण गर्न ती क्षेत्रहरुमा सार्वजनिक सरकारी जग्गा संकेत गर्न विशेष कार्यक्रम लागू गरी जग्गाको प्रकृतिअनुसार उपयोगको नीति लिईएको छ।

**७.** नगरपालिकाको  सर्वांगीण विकासलाई प्राथमीकतामा राखी आर्थिक सामाजिक विकासलाई सन्तुलनका साथमा पर्यावरणीय संरक्षणसमेतलाई प्राथमीकतामा राख्दै मानव विकासको लक्ष्य हासिल गर्न नगरपालिकामा संचालन हुने सबै प्रकारका विकास, नीति, योजना, कार्यक्रम र परियोजनाहरुलाई एकीकरण गर्न आवश्यक कानुन तर्जुमा गरी **दिगो शुक्लागण्डकी कार्यक्रम** संचालन गरिनेछ।

## विषयक्षेत्र : सार्वजनिक व्यवस्थापन, संस्थागत विकास र सुशासन

८. नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाई थप जनमैत्री,अनुमानयोग्य र प्रभावकारी वनाउन नगरपालिकाको प्रमुख प्रशासकीय भवनमा स्थापना गरिएको सेवाप्रवाह संचालन केन्द्र(Service Delivery Operation Centre )लाई अझ व्यवस्थित गर्न अनलाईन फाइल टेकिङ्ग प्रणाली अवलम्वन गरिने छ।

९. कर्मचारीहरुलाई क्षमता,अनुभव र कार्यसम्पादनका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गर्दै,कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ । नगरपालिका र मातहतका कार्यालयहरुमा सेवाको प्रकार,सो वापतको दस्तुर,विधि र प्रक्रिया खुलेको नागरिक वडापत्र (Digital Citizen Charter)को व्यवस्था गरी कार्यसम्पादनका लागि आबश्यक पर्ने कागजात(Check List)को जानकारी टोलस्तर सम्म गराई कार्यसम्पादनमा सहजता ल्याइने छ।

१०. आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानून तर्जूमा, योजना तथा परियोजनाको निर्माण सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र नगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मासाथ गर्दै अधिकतम पारदर्शी प्रशासन सञ्चालन गर्दै चुस्त दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो लक्ष्य हुनेछ।

११. नगर यातायात गुरुयोजना तयार गरी नगरपालिकाभित्र सार्वजनिक यातायातलाई थप व्यवस्थित गराउदै नागरिकलाई सर्वसुलभ,सुपथ र भरपर्दो तवरले आवातजावत गर्ने गरी स्थानीय यातायातको संचालन र व्यवस्थापन गरिनेछ।

१२. नगरपालिकाको डिजिटल पार्श्व चित्र तथा आवधिक योजनासँग विकास तथा सेवाप्रवाहलाई आवद्ध गर्दै नागरिकलाई प्रदान गरिने सेवालाई छिटो,छरितो तथा प्रभावकारी बनाईनेछ।

१३. नगरपालिकाको शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न नगर तथा वडाका मुख्य मुख्य स्थानहरुमा सि.सि.टि.भि.को व्यवस्थापन गरिनेछ साथै नगर प्रहरीको जनशक्ति थप गरी बजार अनुगमन एवम् नदीजन्य पदार्थको उत्खनन र ढुवानीलाई थप व्यवस्थित गरिनेछ।

१४. नगरसभा र नगर कार्यपालिका अन्तरगतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने गरी संस्थागत पद्धतिको विकास गरिने छ।

१५. दलित, विपन्न तथा शहिद परिवारको लागि शुरक्षित आवास निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

१६. आगामी वर्षमा क्षमता विकासका नाममा हुने गरेका भ्रमण तथा तालिमका कार्यक्रमलाई न्यूनीकरण गर्दै लगिनेछ।

१७. जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको थप क्षमता विकास गरी श्रोत साधन सम्पन्न गराई सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ।

१८. नगरपालिका र अन्तरगतका वडा एवं सेवाकेन्द्रबाट प्रदान गरिने शासन,विकास र सेवा प्रवाहमा Towards Corruption भ्रष्टाचारमा शुन्य शहनशीलता(Zero Tolerance)को नीति लिइनेछ । वित्तिय सुशासन र सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि आवश्यक विधि र उपकरण परिचालन गर्दै वेरुजु घटाउदै लगेर शुन्य वेरुजु गर्ने नीति अवलम्वन गरिनेछ।

१९. नगरपालिकाको बेरुजु न्यूनीकरणका लागि वार्षिक बजेट, नीति तथा कार्यक्रमको कार्ययोजना तयार गर्दा नै खरिद विधिलाई समावेश गरिनेछ साथै बेरुजु फछर्यौटलाई प्राथमिकता सहित बेरुजु फछर्यौट समिति गठन गरिने छ।

२०. वार्षिक कार्यक्रम तथा योजना कार्यान्वयनमा देखिएका अन्यौल हटाउन आ.व.को शुरुमानै नगर कार्यपालिका, सम्बन्धित विषयगत शाखा, वडा कार्यालय समेतको सहभागितामा कार्ययोजना अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

२१. नगरका गतिविधि र नागरिकका चासो एवं सरोकारका विषयहरुमा अन्तक्रिया मार्फत सार्वजनिक जवाफदेहिता अभिबृद्धि गर्न १२ वटै वडामा सार्वजनिक सुनुवाई तथा नगरपालिकामा प्रत्येक चौमासिक अवधिमा प्रगती समिक्षा कार्यक्रम संचालन गरिनेछ।

२२. नगरपालिका र अन्तरगतका वडा कार्यालय र सेवा केन्द्रहरुबाट हुने खरिद कार्यलाई अनुमानयोग्य,मितव्ययी र औचित्यपूर्ण बनाउन खरिद गुरुयोजना निर्माण गर्ने,e-bidding को प्रणाली अवलम्वन गर्ने तथा खरिद भएका मालसामान र सामाग्रीहरुको PAMS Software मा हुने अभिलेखीकरणलाई अनिवार्य गरिनेछ।

२३. सूचनाको हक सम्बन्धी व्यवस्थालाई अनुभुत हुने गरी कार्यान्वयन गर्दै पारदर्शी र खुल्ला सरकारको अवधारणालाई कार्यान्वयनमा ल्याइने छ।

२४. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आन्तरिक नियन्त्रण सम्बन्धी तालिम र क्षमता विकासका साथै तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

२५. न्यायिक समितिको क्षमता र प्रभावकारिता अभिबृद्धि गर्दै न्यायमा सबैको सरल र सहज पहुच सुनिश्चित हुने गरी न्यायीक समितिको कामलाई प्रभावकारी बनाउन ई-न्यायलय (डिजिटल) प्रणाली स्थापना गरिने छ।

२६. नगरपालिकाको समग्र सेवाप्रवाहमा विधिको शासन र पारदर्शिता कायम गर्दै सार्वजनिक सेवाका आधारभूत मुल्यमान्यता र सिद्धान्तहरुको पूर्ण अवलम्वन गरिनेछ।

२७. नागरिकहरुका आधारभूत आवश्यकताका सेवा प्रवाहका क्षेत्रहरु टेलिफोन सेवा,विद्युतीकरण,इन्टरनेट,टि.भि. केवल सेवा लगायतका सेवा प्रवाहमा संलग्न हुने नगरपालिका बाहिरका सार्वजनिक तथा निजी सेवाप्रदायक निकायहरु सँग प्रभावकारी समन्वय गरी सेवामा सहज पहुँच स्थापना, विस्तार र गुणस्तर अभिवृद्धिमा पहल कदमी लिइनेछ।

२८. राजश्व चुहावटलाई रोक्ने तथा राजश्वको दायरा फराकिलो बनाईने छ, नगरको आम्दानीको स्रोतहरुको अध्ययन र पहिचान गरी राजश्व वृद्धि गर्न राजश्व सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार गरिने छ।

२९. घर वहाल कर, उद्योग तथा व्यवसायिक करलाई व्यवस्थित गराईने छ। नगरपालिका भित्र सञ्चालित क्रसर तथा ब्लक उद्योगहरुलाई करको दायराभित्र ल्याउन आवश्यक प्रकृया अवलम्बन गरिने छ।

३०. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधानको लागि भईरहेको कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३१. बजारको सौन्दर्य र स्वच्छता कायम राख्न साथै उपभोक्ता हित संरक्षण गर्नका लागि ईन्टरनेट, टि.भि.लगायतका Wired सेवा प्रदायकहरुलाई तारमा अनिवार्य लोगो राख्न लगाई स्थानिय सरसफाई शुल्कको दायरामा ल्याईने छ।

## विषयक्षेत्र : पूर्वाधार विकास

३२. नगरपालिकाको पूर्वाधार विकासमा अन्तरतह तथा अन्तरनिकाय समन्वय कायम गरिनेछ, पूर्वाधार विकासमा रहेको दोहोरोपना हटाई भौगोलिक सन्तुलन कायम गर्दै नगर र ग्रामीण क्षेत्रमा आनुपातिक रुपमा सहभागिता हुने गरी साझेदारी मार्फत पूर्वाधार विकासका क्रियाकलाप संचालन गरिनेछ।

३३. स्थानीय स्रोतको भरपुर उपयोग गरि मुख्य सडक भनी पहिचान भएको ३०० किलोमिटर सडकलाई क्रमश: ढलान र पक्की गर्दै जाने नीतिलाई निरन्तरता दिईने छ। सडकको गुणस्तर र दिगोपनाका लागि प्रविधिको कार्यान्यनमा जोड दिईनेछ। साथै आ.व २०८२/०८३ मा नगरका मुख्य सडकहरु संघ तथा प्रदेश सरकारसंग सहकार्य तथा सहलगानीमार्फत पक्की सडकको रुपमा कालोपत्रे तथा स्तरोन्नती गर्दै लगिनेछ ।

३४. विकास कार्यक्रम तथा आयोजनाको अनुगमन गर्दा सम्वन्धित लाभग्राहि समुदायको उपस्थितीलाइ अनिबार्य गरिने छ। र मुल्याकंनलाई आधुनिक प्रविधिमैत्री बनाउदै गुणस्तर सुनिश्चतताका लागि सम्बन्धित योजनाको भुक्तानीपुर्व तेश्रो पक्ष मार्फत ल्याब परीक्षण अनिवार्य गरिनेछ साथै स्थानीय तहमा ल्याव स्थापना गर्न पहल गरिनेछ।

३५. शुक्लागण्डकी नगरपालिका भित्र हालसम्म करिब ९७ % घरधुरीमा पाइप मार्फत वितरित खानेपानीको पहुँच पुगिसकेको छ भने आगामी दुई वर्षमा खानेपानीको पहुँचलाई शतप्रतिशत घरधुरीमा पुर्याउने लक्ष्यलाई निरन्तरता दिदै गुणस्तरीय खानेपानी उपलब्धतामा जोड दिईनेछ।

३६. स्वीकृत कार्यविधि बमोजिम Geo-referenced Water Supply, Sanitation and Hygiene(WASH) plan बनाउने कार्य अगाडी बढाईने छ।

३७. खानेपानीको दिगो सुनिश्चितताका लागि नगरस्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गरी बृहत खानेपानी परियोजना पहिचान गर्दै संघ , प्रदेश, नगरपालिका एवम् नगर विकास कोष तथा अन्य दातृ निकाय सँगको अनुदान,सहलगानी, परिचालन गरी कार्यान्वयन गर्ने नीति लाई निरन्तरता दिईएको छ।

३८. आ.व २०८२/८३ मा नगर विकास कोष सँगको अनुदान,सहलगानीमा नगर सिटी हल, रिफ्रेस्मेंट पार्क, सेती नदिमा चेक ड्याम तथा ढोरबाराही मन्दिर परिसर ब्यबस्थापन कार्य आगाडी बढाईने छ।

३९. विभिन्न सामुदाय, टोल विकास संस्था, युवा क्लब तथा अन्य संघ संस्थाबाट भवन निर्माणका लागि अत्याधिक माग भै आएको तथा निर्माण भएका भवनहरुको पूर्ण उपयोगिता सुनिश्चित गर्न थप समुदायिक भवन निर्माणलाई निरुत्साहित गर्दै निर्मित भवनहरुको वहुउपयोगितालाई प्राथमिकतामा राख्ने नीति लाई निरन्तरता दिईएको छ।

४०. सडक मर्मत संभार गर्ने प्रयोजनका लागि मर्मत संभार कोष र सडक बोर्ड नेपालबाट प्राप्त बजेट सडक बोर्ड नेपालबाट जारी गरिएको मार्गदर्शन अनुसार नगर क्षेत्रका सडकलाई बाहै महिना सहज सन्चालन हुने कार्यमा परिचालन गरिनेछ। आकस्मिक मर्मत संभार कार्यको लागि मर्मत संभार कोषलाई थप सुदृढ गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ।

४१. नगर मार्फत कार्यन्वयन हुने साझेदारी कार्यक्रमलाइ ब्यबस्थित गर्नको लागि “साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि” निर्माण गरि नगर साझेदारी योजना संचालन गरिने छ।

४२. नगर यातायात सेवालाइ ब्यबस्थित गर्न “स्थानीय यातायात संचालन कार्यविधि” निर्माण गरिने छ। साथै छोटो दुरीको लागि स्थानीय यातायात (ई-रिक्सा, अटो रिक्सा) सञ्चालन गर्ने कार्यलाई प्रभावकारी बनाईने छ।

४३. भु-उपयोग तथा बस्ती विकासः भु-उपयोग ऐन तथा नियमावली अनुसार नगरपालिकाको भु-वर्गिकरण गर्ने कार्य सम्पन्न भएको छ। भू-वर्गिकरण अनुसार भू-उपयोग नीति कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासको लागि राष्ट्रिय भवन संहिता कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

४४. नगरपालिकाभर सार्वजनिक तथा खुला क्षेत्र पहिचान एवं संरक्षण, बाल उद्यान, ब्यायम स्थल, कबर्ड हल, खेल मैदान तथा पार्क निर्माण एवं मर्मत सम्भार कार्यलाई निरन्तरता दिईनेछ।

४५. बजार क्षेत्र भित्रका मुख्य सडक तथा शाखा सडकको संकेत तयार गरि कार्यान्वयन गरिनेछ।

४६. राष्ट्रिय प्राथमिकता प्राप्त पृथ्वीराजमार्ग विस्तारको कार्यलाई समयमा सम्पन्न गर्न सम्बन्धित निकायमा अर्थपूर्ण पहल र समन्वय गरिने छ। साथै सडक स्तरोन्नतिका क्रममा सहायक मार्ग तथा राजमार्ग विस्तारका क्रममा क्षति पुग्ने खानेपानी,सडक र ढल निकासको लागि समेत आवश्यक समन्वय गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

४७. पूर्वाधार विकासलाई व्यवस्थित गर्न वडाहरुबाट प्राप्त योजना सहित नगरपालिकाको सम्भावित बृहत र रुपान्तरणकारी योजनाहरु समेटि तयार भएको आवधिक योजना, मध्यकालीन खर्च संरचना र आयोजना बैंक लाई नीति तथा कार्यक्रम र बजेटसँग आबद्ध गरिएकोछ। साथै दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गरिनेछ।

४८. नगरपालिकाको केन्द्रलाई प्रत्येक वडा कार्यालय सम्म र वडाका केन्द्रलाई प्रत्येक टोल र बस्ती सम्म जोड्ने तथा नगरपालिका भित्रका विद्यालयहरु ,स्वास्थ्य केन्द्र, सेवा केन्द्र र ब्यापारिक केन्द्र समेतलाई सडक संजालसँग आवद्धगर्दै नगरवासीहरुको दैनिक जनजीवनलाई थप सहज बनाउने गरि पूर्वाधार निर्माणलाई निरन्तरता दिईनेछ।

४९. स्थानीय दररेट निर्माण गर्दा दुर्गम वडाहरुमा पूर्वाधार निर्माण कार्यमा सहजता प्रदान गर्न ढुवानी सहितको दररेट कायम गरिनेछ।

## विषयक्षेत्र : वन ,वातावरण, विपद् तथा फोहरमैला व्यवस्थापन

५०. स्थानीय विपद् व्यवस्थापन समितिलाई थप सक्रिय वनाउदै नगरपालिका भित्रको विपद् प्रतिकार्य योजना निर्माण, विपद् व्यवस्थापन कोष परिचालनका लागि कार्यविधीको पूर्णपालना गरिनेछ। विपद् नक्साकंन तयार गरी विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी वनाईनेछ । स्थानीय विपद् व्यवस्थापन कोषमा सार्वजनिक,नीजि तथा गैरसरकारी संघसंस्थाहरुबाट सहयोगको लागि सार्वजनिक आव्हानलाई प्राथमीकताका साथ निरन्तरता दिईने छ।

५१. नगरको फोहर व्यवस्थापन लामो समयदेखि समस्याको रुपमा रहदै आएको सन्दर्भमा यसको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि सुर्य नेपाल संगको सहकार्य र ग्रिन नेपालको व्यवस्थापनमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

५२. जैविक विविधता संरक्षण गर्नका लागि नगरपालिका भित्रको सम्पूर्ण प्राणी, वनस्पति, सुक्ष्मजीव तथा पारिस्थितिक प्रणालीको संरक्षणमा जोड दिदै दिगो विकासका अवधारणाअनुसार विकासका गतिविधी

संचालनलाई निरन्तरता दिईनेछ साथै नगरक्षेत्रभित्र रहेका जलाधार, सिमसार क्षेत्रको संरक्षणमा उचित जोड दिईनेछ।

५३. भू-क्षय रोकथाम तथा वातावरण संरक्षणको लागि बायो ईन्जिनियरिङ प्रविधिबाट वृक्षारोपण गरी पहिरो तथा वाढी नियन्त्रणका लागि सामुदायिक वन उपभोक्ता समिति/टोल विकास संस्था र अन्य सरोकारवाला संघ संस्थाहरुसंगको सहकार्यमा आवश्यक कार्यक्रम गरिनेछ।

५४. विपत प्रतिकार्यका लागि उपलब्ध स्रोत साधनका साथमा २४ घण्टे सेवा प्रवाहमा जोड दिईनेछ। नगर क्षेत्रभित्र विपद्का दृष्टिकोणले उच्च जोखिममा भएका वस्ती/क्षेत्रहरुलाई विपदको प्रकृति अनुसार वर्गिकरण गरी आवश्यक सामाग्री (वारुण यन्त्र, एम्बुलेन्स, स्टेचर, आदी) उपलब्ध गराई कम्तिमा २ जनालाई विपद् प्रतिकार्य तालिमको व्यवस्था गरिनेछ।

५५. शुक्लागण्डकी नगरपालिकाभित्र पर्ने सामुदायिक बनसँगको सहकार्यमा पानीका सम्पूर्ण श्रोतहरु पहिचान गरि मुहान संरक्षण कार्यलाई प्राथमिकता प्रदान गरिनेछ।

५६. बजार क्षेत्रका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुसंगको सहकार्यमा सार्वजनिक धारा तथा सार्वजनिक शौचालय सञ्चालन गर्ने नीति लिईने छ।

५७. नगर क्षेत्र भित्र संचालनमा रहेका बैंक तथा वित्तीय संस्था एवं सरोकारवाला निकायहरुको सहकार्यमा नगरभित्रको राजमार्ग क्षेत्रका बजारहरुको सौन्दर्यीकरण गरिनेछ।

## विषयक्षेत्र : सामाजिक विकास

विषय उपक्षेत्र :शिक्षा

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई पहुँच योग्य, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरीय बनाउन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५८. शैक्षिक सत्र २०८१ देखि घोषणा गरिएको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चितताको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ देखि नगरक्षेत्रभित्रका विद्यालयहरुमा गुणस्तर सुधारको कार्यक्रम केन्द्रित गरी बालविकास केन्द्रहरूको व्यवस्थापन, प्रविधिमा आधारित शिक्षण सिकाइ, शिक्षकहरूको पेशागत क्षमता विकास, विद्यार्थीहरूमा जीवनोपयोगी सीप विकास तथा कठिन परिस्थितिका बालबालिकाहरूका लागि विशेष सहुलियत जस्ता कार्यक्रमहरूमा जोड दिइनेछ,

५९. सार्वजनिक विद्यालयहरूमा अध्ययनरत विपन्न दलित, आर्थिक रूपले विपन्न, असहाय, अभिभावक विहीन, श्रमिक बालबालिका, द्वन्द्व पीडित, वैदेशिक रोजगारका सिलसिलामा मृत्यु, अङ्गभङ्ग, अशक्त र वेपत्ता भएका श्रमिक परिवारका सन्ततिहरूका लागि छात्रवृत्ति तथा सहुलियतको सुनिश्चितता लागि आवश्यक बजेट व्यवस्था गरिनेछ,

६०. सामुदायिक विद्यालयहरूले विद्यालय सुधारका लागि गरेको प्रतिबद्धता अनुरूप विद्यालय सुधार योजनामा आधारित शैक्षिक सुधारका लागि कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ,

६१. आगामी आर्थिक वर्षमा समेत स्वीकृत मापदण्डको आधारमा साना विद्यालयहरूलाई ठूला विद्यालयहरूमा समायोजन/एकीकरण गरी सिकाइको वातावरणमा सुधार गरिनेछ,

६२. विद्यालयहरूको सञ्चालित कक्षा, मौजुदा विद्यार्थी, पठनपाठन भएको विषय समेतका आधारमा शिक्षक दरबन्दी मिलान र विषय मिलान गरी दरबन्दी पुन वितरण गरिनेछ,

६३. एक वडा एक नमुना विद्यालय विकासका लागि प्रत्येक वडाबाट विद्यालय छनोट गरी वडाबाटै गुणस्तर सुधारका लागि लगानी अभिवृद्धि गर्ने व्यवस्था मिलाइनेछ,

६४. विद्यार्थीको सिकाइ उपलब्धि तथा नतिजा सुधारका लागि सम्बन्धित कक्षा तथा विषय शिक्षक जिम्मेवार बनाउन शिक्षकसँग प्रतिबद्धता लिइनेछ र कक्षा ८ तथा कक्षा ५ को परीक्षा नगर स्तरीय रूपमा सञ्चालन गरिनेछ।

६५. सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक अवस्थाको सुधारमा अभिभावकको संलग्नता बढाउन प्रत्येक सामुदायिक विद्यालयहरूमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,

६६. विद्यालयमा सञ्चालन हुने दिवा खाजामा स्थानीय कृषि उपज र उद्यमबाट उत्पादन हुने सामग्री मात्र प्रयोग गर्ने व्यवस्था मिलाइनेछ,

६७. विद्यार्थीको सिकाइ उपलब्धिको सूचकको आधारमा विद्यालय, प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

६८. बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता सम्बोधनका लागि नगरपालिकाका सबै विद्यालयहरूमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरी परिचालन गरिनेछ साथै विद्यालय स्तरमा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गरिनेछ,

६९. विद्यार्थीहरूको शारीरिक, मानसिक, संवेगात्मक विकास तथा स्वास्थ्य प्रवर्द्धनका लागि विद्यालय तहमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,

७०. विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार, शिक्षक विद्यार्थी नियमितता, प्रभावकारी शिक्षण सिकाइ तथा विद्यालय सुधार योजनाका कार्यक्रमलाई प्रभावकारी बनाउन २०८२ को शैक्षिक सत्रलाई विद्यालय अनुगमन कार्यक्रममा केन्द्रित गरी नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, विज्ञ, विषयगत रोष्टर प्रशिक्षक तथा शाखाबाट नियमित अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

७१. विद्यालय शिक्षाको बालबालिकाको पहुँच विस्तार, सिकाइमा नियमितता तथा  गुणस्तर अभिवृद्धि तथा जीवनोपयोगी सीप विकास तथा सहुलियत अभिवृद्धिका लागि अन्य सरकारी, गैर सरकारी तथा सामाजिक सङ्घ संस्थाहरूसँग सहकार्य र समन्वय गरिनेछ।

७२. सामुदायिक सिकाइ केन्द्रहरूको कार्यलाई जीवनपर्यन्त शिक्षा, वैकल्पिक शिक्षा, अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरूमा केन्द्रित गरिनेछ,

७३. संस्थागत विद्यालयहरूको नियमित नियमन गरी गुणस्तर सुधारमा समन्वय र साझेदारी गरिनेछ,

<u>विषय उपक्षेत्र  :युवा तथा खेलकुद</u>

खेलकुद क्षेत्रको विकास र विस्तार गर्न सरकारी, गैर सरकारी एवं निजी क्षेत्रका खेलकुद संस्था विच समन्वय, सहकार्य एवं साझेदारीको वातावरण सृजना गरी खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाउन, मानसिक र नैतिक क्षमतायुक्त मानव संशाधनको विकास गरी खेलकुदलाई रोजगारीमूलक व्यवसायीक, शारीरिक, अनुशासित र मर्यादित समाज स्थापित गर्न तथा सबैको लागि खेलकुद भन्ने अभियान सफलिभूत बनाउन विद्यालय वडा र नगर स्तरीय योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

७४. नगरपालिका भित्रका सबै विद्यालयमा खेलकुद सामग्री व्यवस्था गरी नियमित खेलकुद कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ,

७५. वडा स्तरीय खेलकुद विकास समिति मार्फत प्रत्येक वडामा कम्तीमा एक खेल प्रतियोगिता सञ्चालन गरिनेछ,

७६. एक वडा एक खेल मैदानको व्यवस्थाका लागि आवश्यक पूर्वाधार निर्माण तथा नगरपालिका स्तरीय रंगशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ,

७७. विभिन्न विधाका खेलकुद क्षेत्रको विकासका लागि युवा क्लब, खेल सङ्घ, नेपाल प्रहरी, नेपाली सेना, जिल्ला खेलकुद विकास समिति तथा अन्य निकायहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ,

७८. खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने नगर क्षेत्र भित्रका खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूलाई सम्मान तथा प्रोत्साहित गरिनेछ।

७९. विद्यालय तहको खेलकुद कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन विद्यालयहरूलाई प्रोत्साहित गर्दै लगिनेछ।

विषय उपक्षेत्र : स्वास्थ्य

८०. "स्वस्थ आमा स्वस्थ बच्चाको जन्म" शुक्लागण्डकी नगरपालिकाको स्वस्थ नागरिक बनाउने उदेश्यका साथ कुनै पनि गर्भवती आमा तथा सुत्केरी आमाहरुको जोखिम न्युनीकरणको लागि सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम मध्य निःशुल्क क्याल्सियम बितरण  गर्भवती तथा सुत्केरी आमाहरुको घरघरमा स्वास्थ्यकर्मी, ग्रामिण भिडियो ऐक्सरे, अति बिपन्न नागरिक,मानसिक रोगी तथा गर्भवती सुत्केरी आमाहरुको लागी निःशुल्क एम्वुलेन्स सेवा कार्यक्रमलाई यस आ.ब. मा पनि निरन्तरता दिईएको छ।

८१. आ.व.०८२।०८३ मा शुक्लागण्डकी नगरपालिकामा ३३ खोप केन्द्र बाट यस नगरपालिका भित्र रहेका १५ महिना भित्रका सम्पुर्ण  बालबालिकाहरुमा समयमै पुर्ण खोपको मात्रा पुरा गरि पूर्ण खोप घोषणा कार्यक्रमको लागि निरन्तरता गर्ने उदेश्यका साथ खोज र खोप कार्यको लागि आवश्यक रकमको ब्यबस्था गरिएको छ।

८२. स्वास्थ्यमा सबैको पहुँच तथा उपभोग भन्ने नीतिका साथ नगर क्षेत्रभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट सम्पूर्ण सेवालाई निरन्तरताको लागि आबस्यक रकमको ब्यबस्था गरिएको छ।

८३. जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी आमा, ५ वर्षमूनीका बालबालिकाहरुका लागि नियमित स्वास्थ्य परिक्षण साथै बालरोग विशेषज्ञबाट प्रदान गरिने सेवालाई निरन्तरता दिईएको छ।

८४. शु.न.पा ५ बेलचौतारा स्थित जि.पी.कोईराला श्वासप्रश्वास केन्द्र संगको सहकार्यमा सञ्चालन भईरहेको डायलसिस सेवा लगायत अन्य स्वास्थ्य सेवाको सहज पहुच र प्रत्याभूतीको लागि निरन्तर सहकार्य गरिनेछ।

८५. दलित तथा बिपन्न नागरीक निःशुल्क स्वाथ्य बिमा कार्यक्रम बाट आगामी बर्षमा ५०० घर परिवारलाई निशुल्क स्वास्थ्य बिमा, बेबारिसी लास व्यवस्थापन एवं बेबारिसी बिरामीको उपचारको लागि आबस्यक रकमको ब्यबस्था गरिएको छ।

८६. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाका लागि आबस्यक निशुल्क औषधी तथा औषधीजन्य  सामाग्री खरिद एवम सम्पूर्ण स्वास्थ्य संस्था बाट प्रदान गरिने स्वास्थ्य सेवालाई दैनिक रुपमा बिद्युतीय माध्यमबाट प्रर्विष्ट गर्नको लागि आबस्यक रकमको ब्यबस्था मिलाएको छ।

८७. नगरबासिहरुमा नसर्ने प्रकृतीका रोग जस्तै मधुमेह,उच्च रक्तचाप, क्यान्सर,मानसिक समस्या तथा मृगौला रोग सम्बन्धी जनचेतना जगाउन, २५ बर्ष देखि ६० बर्ष मुनिका सम्पुर्ण महिलाहरुको लागि स्तन क्यान्सर पहिचानको

लागि स्वपरिक्षण तथा पाठेघरको मुखको क्यान्सर पहिचानको लागि VIA परिक्षण ५ वटा स्वास्थ्य चौकी र २ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र बाट सेवा प्रदान गर्नको लागि आवस्यक रकमको ब्यवस्था गरिएको छ।

८८. आयुर्वेद उपचार सेवालाई नगरको सबै क्षेत्रमा पुर्याउनको लागी "नागरिक आरोग्य नसर्ने रोग व्यवस्थापन तथा उपचार सेवा कार्यक्रम" सञ्चालन गरिनेछ । साथै दिर्घ एवं नसर्ने रोगहरुको कारण नागरिकमा आर्थिक, सामाजिक तथा पारिवारिक जटिलता थपिदै गएको वर्तमान परिस्थितीलाई दृष्टिगत गर्दै निरोगी एवं आरोग्य शुक्लागण्डकी अभियानको लागी ध्यान केन्द्रको स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ।

विषय उपक्षेत्र: सामाजिक विकास तथा समावेशीकरण

८९. महिला, दलित, आदिवासि/जनजाति, अल्पसंख्यक, मुस्लिम तथा अपाङ्गताका क्षेत्रहरुमा उद्यमशीलता प्रबर्द्धन गराउदै स्वाबलम्बी बनाउन लघु घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गर्दै सिपलाई रोजगारी सँग रोजगारीलाई आम्दानीसँग र आम्दानीलाई गरिबी निवारण सँग जोड्न व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ ।

९०. नगरक्षेत्र भित्र महिला तथा किशोरीविरुद्ध हुने सबै प्रकारका लैङ्गिक, घरेलु हिंसा तथा यौनजन्य दुर्व्यवहार न्यूनीकरणका लागि वडास्तरमा कानुनीसचेतना कार्यक्रम संचालन गरी सबै प्रकारका विभेद र असमानताको अन्त्य गरिनेछ।

९१. महिला सम्बन्धि सरोकारका विषयमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा नेपालले जनाएका प्रतिबद्धता तथा संवैधानिक र कानुनी अधिकारलाई प्रत्याभूति दिने गरी संघीय तथा प्रादेशिक कार्यालयसंग समन्वय र सहकार्यमार्फत लैंगिक समता र समानता तथा शसक्तिकरणका गतिविधि संचालन गरिनेछ।

९२. ज्येष्ठ नागरिकः ज्येष्ठ नागरिकमा रहेको अनुभव ज्ञान र सीपलाई नगरपालिकाको हितमा उपयोग गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रम सन्चालन गरिनेछ । साथै ज्येष्ठ नागरिक आरोग्य सेवा संचालनमा प्राथमिकताका साथ वडाका स्वास्थ्यकर्मीलाई टोलटोलमा परिचालन गरिनेछ।

९३. उपेक्षित, उत्पिडित एवम् दलितः दलित बिपन्न समुदाय को लागि परम्परागत सीप,पेशा ज्ञान र प्रविधिको प्रयोग,संरक्षण र विकास गर्दै परम्परागत पेशासँग सम्बन्धित व्यवसायमा प्राथमीमकता दिदै आय आयआर्जन कर्यिक्रम संचालन गरिने छ।

९४. शुक्लागण्डकी नगरपालिकामा रहेका आदिवासी तथा अल्पसंख्यक समुदायको राज्यका निकायमा पहुँच तथा प्रतिनिधित्व स्थापित गर्ने गरी सशक्तिकरण तथा क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९५. नगरपालिकामा ठूलो जनसंख्यामा रहेका दलितहरुलाई राज्यका निकायहरुमा प्रशासनिक, राजनैतीक प्रतिनिधित्व अभिबृद्धि गराउन क्षमता विकास र शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।

९६. बालबालिका : आफ्नो अधिकारमा रमाईरहेका वालवालिकाको अधिकारको प्रत्याभूतीका लागि बालबालिकासँग सरोकार राख्ने संघ संस्था तथा सरोकारवालासँगको सहकार्यमा बालमैत्री नगर घोषणाका लागि निर्देशिकाले तोकेका सूचक हासिल गर्ने गरी बालमैत्री स्थानीय तह घोषणा तथा कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु गरिनेछ। आगामी आ.व.देखि बालकोष सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

९७. अपाङ्गताः अपागंताका सरोकारका विषयमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा नेपालले जनाएका प्रतिबद्धता तथा संवैधानिक र कानुनी अधिकारलाई प्रत्याभूति दिने तवरले अपांगता सम्बन्धी दिवसहरु अन्य सरोवालाहरुसंगको सहकार्यमा विषेश कार्यक्रम संचालन गरी मनाइनेछ।

९८. नगरपालिकाका सबै सार्वजनिक संरचनाहरू अपाङ्गमैत्री/वालमैत्री/वातावरणमैत्री बनाउदै लगिनेछ।

९९. संस्कृति प्रवर्द्धन (भाषा, कला संरक्षण): सबै धर्म, धार्मिक क्षेत्रहरू र भाषा, कला संरक्षण संस्कृतिको संरक्षण गर्दै मठ, मन्दिर, मस्जित, चर्च, कोइवो, गुम्बाहरूको संरक्षण र प्रबर्द्धन गरिनेछ।

१००. सामाजिक सुरक्षा : नेपालको संविधानमा उल्लेखित अधिकारहरु सवै नागरिकलाई अनुभुत गराउनका लागि यस क्षेत्रमा रहेका कमजोर, सिमान्तकृत र न्यून आय भएका समुदाय र व्याक्तिहरुको संरक्षण गरी समावेशी ,लोकतन्त्र तथा न्यायको अनुभूति गरेको समाज निर्माणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१०१. नगरका गतिविधि र नागरिकका चासो एवं सरोकारका विषयहरुमा अन्तक्रिया गर्ने,रचनात्मक सुझाव लिने दिने तथा नागरिकका तत्कालिक माग पुरा गर्ने र प्रत्यक्ष रुपमा नागरिकसंग संवाद गर्ने उद्धेश्यले मासिक रुपमा नगरका गाँउ र वस्तीहरुमा "नागरिक सँग नगरपालिका कार्यक्रम" संचालन लाई निरन्तरता दिईनेछ।

१०२. युवासँग नगरपालिका कार्यक्रम मार्फत युवा वर्गलाई लक्षित गरी युवाहरुको सर्वांगीण विकासका लागि उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ।

१०३. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरिने छ। उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चितताका लागि आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यमशीलतामा जोड्न आबश्यक कार्यक्रम ल्याइने छ। साथै बैदेशिक रोजगारीमा उपयोगमा आउने प्रकृतिको सीपमूलक तालिम लिएर मात्र जानका लागि सहजीकरण गरिनेछ।

१०४. नगरपालिका भित्र विभिन्न क्षेत्रमा कार्य गर्न इच्छुक गैरसरकारी संस्थाहरुलाई कार्यक्रमको औचित्यताको आधारमा नगरपालिकामा सूचिकृत र अनुमति लिई योजना तथा कार्यक्रम सञ्चालनका लागि कार्यबिधि अनुसार अनुमति दिइनेछ। यसरी कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाहरुले बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गराइ नगरपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१०५. पञ्जिकरण कार्यमा समस्या भई अन्य सरकारी कामकाजमा समस्या भएका व्यक्तिहरुको समस्या पहिचान गरी सामुहिक समाधानका लागि सम्बन्धित निकायसंगको सहकार्यमा विद्यमान समस्याको समाधान प्रयास गरिनेछ।

१०६. नगरक्षेत्रभित्र रहेका सम्पूर्ण टोल विकास संस्थाहरुको पुनर्गठन/समायोजन, लेखा परिक्षण, नविकरणका कार्यलाई निरन्तरता दिदै टोल विकास संस्थालाई थप जवाफदेही र जिम्मेवार बनाउनका लागि क्षमता अभिवृद्धि तालिमको व्यवस्थाका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

१०७. संघीय सरकारको नीति तथा कार्यक्रम अनुसार सामाजिक सुरक्षा कोषमा आवद्ध नभएका श्रमिक तथा कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक कार्यविधि तयार गरि कोष खडा गर्न बजेट व्यवस्था गरिनेछ साथै सरकारी, गैर सरकारी तथा निजि संस्थाहरुमा कार्यरत श्रमिक/कर्मचारीहरुलाई उक्त कार्यक्रममा आवद्धताको लागि आह्वान गरिनेछ।

## विषयक्षेत्र : आर्थिक विकास

उपक्षेत्र : कृषि

१०८. वाझो जमिन राख्ने कार्यलाई निरुत्साहीत गर्न परम्परागत कृषि अनुदान प्रणालीलाई विस्थापित गर्दै उत्पादनमा आधारित अनुदान, दुग्ध उत्पादनमा प्रति लिटर रु २ दिदै आएकोमा यस आ.व.मा रकम वृद्धि गरिनेछ र फलफूल तथा तरकारीमा प्रति किलो रु २ देखि ५ सम्म अनुदानको व्यवस्था गरी बेलचौतारा स्थित कृषि उपज संकलन केन्द्र संचालन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ। सवै वडाहरुमा सुचिकृत कृषकहरुलाई कृषक

परिचयपत्र प्रदान गरिने छ । साथै अनुदान तथा बिक्रि कार्यको लागि आवश्यक कार्यविधी तयार गरि लागू गरिनेछ ।

१०९. कृषि उत्पादनको बजारीकरण मार्फत उपभोक्तालाई ताजा तरकारी उपलब्ध गराउन विभिन्न वडाहरूमा रहेका सामुदायिक भवनहरूलाई कृषि उपज संकलन केन्द्रको रुपमा उपयोग गरी कृषि एम्बुलेन्स मार्फत कृषि उपज संकलन तथा बिक्री केन्द्रमा ल्याई बिक्री वितरण गर्ने व्यवस्था मिलाईने छ ।

११०. कृषि उपजहरुमा प्राकृतिक प्रकोपवाट हुने क्षती न्युनिकरण गर्न तथा कृषकको लगानीलाई सुनिश्चित गर्न कृषि विमा कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

१११. वर्षा अवस्थामा माटोको उर्वराशक्ती ह्रासआई कृषि उत्पादनमा भइरहेको असरलाई न्यूनीकरण गर्न तथा माटोको गुणस्तर कायम राख्दै पर्यावरणलाई जोगाउने माटो परिक्षण कार्य सञ्चालन गरि जैविक खेति प्रणालीमा जोड दिईने छ ।

११२. वाझो जमिन मा कृषिको उत्पादन वृद्धी गरी आय आर्जन बढाउन उन्नत कफि खेति कार्यक्रमलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११३. विभिन्न कृषि उपजहरुमा लाग्ने रोग किराको नियन्त्रण गरी कृषि उत्पादन वृद्धी गर्न आवश्यक पर्ने  वालि संरक्षण कार्यक्रम साथै कृषि उत्पादन तथा उत्पादकत्व बढाउन मुख्य कृषियोग्य क्षेत्रहरूमा कुलो बाँध तथा तटबन्धनको निर्माण तथा मर्मतसंभार गरिने कार्यलाई निरन्तरता दिइनेछ|।

उपक्षेत्र : पशु सेवा

११४. निशुल्क कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरी उन्नत नश्लका बाच्छा/बाच्छी,पाठा/पाठी उत्पादन गरी दुध र मासुमा आत्मनिर्भरता तर्फ उन्मुख गरिनेछ ।

११५. पशु विकास क्षेत्रका भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तनहुँ र अन्य निकायको सहकार्यमा संक्रामक तथा महामारी रोग विरुद्ध खोप कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।

११६. व्यवसायिक पशु फर्महरुमा पशु स्वास्थ्य प्राबिधिक र विज्ञ बाट मासिक रुपमा फिल्ड अनुगमन गरी फर्ममा आवश्यक पशुको स्वास्थ्य जाँच तथा प्राबिधिक परामर्श र सुझाब प्रदान गरिनेछ ।

११७. पशु विकास शाखामा आधारभुत प्रयोगशाला स्थापना भैसकेकोले नगरस्तरीय भेटेरिनरी अस्पतालको रुपमा स्तरोन्नतिका लागि आधार तयार गरिनेछ ।

११८. पशुपन्छींबाट मानिसमा सर्न सक्ने महामारी रोग तथा संक्रामक जुनोटिक रोग नियन्त्रणका लागि विद्यालय शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

११९. नवप्रवर्तनमा आधारित व्यवसाय गर्ने युवाहरुलाई विशेष कार्यक्रम ल्याईने छ ।

१२०. पशुपन्छी तथा मत्स्य फार्म प्रवर्द्धनका लागि निजी, समुह, सहकारीबाट सञ्चालित फर्महरुलाई फर्म स्थापना तथा यान्त्रिकीकरणमा सहयोग गरिनेछ ।

उपक्षेत्रःपर्यटन तथा सहकारी

१२१. नगर क्षेत्र भित्र रहेका विभिन्न सहकारी संस्थाहरुको क्षमता विकास गरि सहकारीहरुलाई एकीकरण गर्न प्रोत्साहन गरिने छ साथै सहकारीको उद्धेश्य अनुसार संचालनमा जोड दिईने छ।

१२२. नगरमा रहेका सहकारी संस्थाहरुको दर्ता नवीकरण तथा नियमनको कार्यलाई थप प्रभावकारी बनाईनेछ, सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ साथै सामाजिक विकास कार्यक्रम एवम् रोजगारमुलक कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

१२३. नगरभित्र रहेका विभिन्न जनजातिहरूको भेषभुषा, मौलिक कला तथा संस्कृतिको संरक्षण गर्दै पर्यटकीय क्षेत्र घरवास,सामुदायिक वास (Community stay) तथा पदमार्गहरूको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१२४. नगरक्षेत्रका पर्यटकीय क्षेत्रलाई संघीय र प्रदेश सरकारसँगको साझेदारी एवं सहकार्यमा पर्यटकीय स्थल पहिचान, संरक्षण, पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिने छ ।

१२५. नगरक्षेत्रका परम्पागत बाजागाजा बाद्यवादन भजन कौरा, चुट्का, झ्याउरे,घाटु, सोरठी, पाङ्दुरे, बालन, लाखे जस्ता मौलिक कला संस्कृतिको संरक्षण गर्दै प्रवर्द्धन गरिनेछ ।

१२६. पर्यटकिय स्थल भुजिकोट, दगाम,मिलिनियम पदमार्ग,चरीमार्ग लगायतका स्थानहरुको एकिकृत पर्यटन विकासका कार्यक्रमहरु (Organic Tourism, village Homestay) सञ्चालन गरि आन्तरिक तथा वाह्य पर्यटक भित्राई सो क्षेत्रहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिने छ ।

१२७. शुक्लागण्डकी नगरपालिकालाई मुख्य आधारक्षेत्र बनाएर पत्रकारिता गर्ने पत्रकारहरुको क्षमता वृद्धि गर्न फेलोसिप कार्यक्रम संचालन गरिनेछ । यस क्षेत्रका संचारमाध्यमहरुको क्षमता विकास, लोककल्याणकारी विज्ञापन तथा प्रवर्द्धनका लागि समुचित बजेटको व्यवस्था गरिएको छ ।

खुम बहादुर वि.क.(राजु)
नगर उप-प्रमुख
शुक्लागण्डकी नगरपालिका

मिति २०८२ आषाढ ९ गते

धन्यवाद !